खोटेहाङ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

खोटाङ बजार, खोटाङ

## मल ढुवानी अनुदान सम्बन्धि सिलवन्दी दरभाउपत्र आह्वानको सूचना

**( दोस्रो पटक प्रकाशन मिति : २०७६/०१/०६ गते)( 19 Apr 2019)**

यस कार्यालयबाट चालु आर्थिक वर्ष २०७५।०७६ को स्वीकृत कार्यक्रम बमोजिम निम्नानुसारको रसायनिक/ प्राङ्गारीक मल खरीद, ढुवानी र बिक्री बितरण गर्न अधिकृत बितरकको नियुक्ती सिलवन्दी दरभाउपत्रको माध्यमबाट गर्नु पर्ने भएको हुदाँ उक्त मल ढुवानी गर्न सिलवन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. सिलवन्दी दरभाउपत्र फारम कार्यालय समयमा रु. १,०००। (फिर्ता नहुने गरी) नगदी रसिद काटी खोटेहाङ गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ । साथमा बिक्रेता सुचीकृत प्रमाणपत्र , मूल्यअभिबृद्धिकर दर्ता प्रमाणपत्र र आ.व. २०७४।०७५ सम्म कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु यो सूचना प्रकाशित मितिले **७ औं दिन (मिति २०७६/०१/१२)( 25 April 2019)** गतेका दिन कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

२. खरिद गरेको सिलवन्दी दरभाउपत्र लाहाछाप गरी खामको बाहिरी भागमा कामको विवरण, फर्मको नाम र ठेगाना स्पष्ट खुलाई कार्यालयलाई संबोधन गरी **८ औं दिन (मिति २०७६/०१/१३)(26 April 2019)**दिनको १२:०० बजे भित्रमा यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्र हरु सोही दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको उपस्थिती नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

३. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने वा खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित कार्यहरु गरिने छ ।

४. दरभाउपत्रका साथ तोकिए बमोजिमको जमानत रकम यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय खोटाङबजार स्थित **धरौटी खाता नं.२०६०३०३००७११०** मा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नु पर्ने छ ।

५. दरभाउपत्र दाताले दरभाउपत्रमा दररेट भर्दा मुल्यअभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । BOQ मा उल्लेख गरेको दररेट अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा सिलबन्दी दरभाउपत्र दाताको स्पष्टसँग सहिछाप भएको हुनु पर्ने छ ।

६. एक फर्मको नामबाट खरिद भएको सिलबन्दी दरभाउपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाइने छैन ।

७. कुनै कारण जनाई वा नजनाई दरभाउपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने एवं सूचना रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।

८. दरभाउपत्र सम्वन्धी अन्य कुनै कुरा बुझ्नु पर्ने भएमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

९. दरभाउपत्र सम्वन्धी अन्य कामकारवाही सार्वजनिक खरिद ऐन (संशोधन सहित) २०६३ तथा सार्वजनिक खरिद नियमावली (संशोधन सहित) २०६४ र अन्य प्रचलित ऐन बमोजिम हुने छ ।

**तपशिल :**

| सि.नं. | ठेक्काको किसिम | कामको विवरण | लागतअङ्क (भ्याट सहित)रु. | धरौटी रकम रु. | फारामदस्तु र रु. |
|---|---|---|---|---|---|
| १. | प्राङ्गारीक र रसायनिक मल खरिद , ढुवानी | प्राङ्गारीक र रसायनिक मल , ढुवानी ( लाहान देखी खोटेहाङ गाउँपालिकाको सबै वडा कार्यलय सम्म ) | ७,८५,३५०।०० | २३,५००।०० | १,०००।०० |

प्रमुख प्रशासकीय अधिकृत